## रिडी नाम्जे ईको रिसोर्ट

रिडी ग्रुप लिमिटेडको ५१ प्रतिशतभन्दा धेरै लगानीमा धनकुटा जिल्लाको पर्यटकीय स्थान साँगुरीगढी गाउँपालिका ६ नाम्जेमा रिडी नाम्जे ईको रिसोर्ट निर्माण हुदैछ । सबै प्राविधिक कामहरू सम्पन्न भइसकेकोले २०७७ पौष १५ गते सो गाउँपालिकाको अध्यक्षद्वारा रिसोर्टको शिलान्यास भइसकेको छ । प्रदेश नं. १ कै चर्चित पर्यटकीय क्षेत्र नाम्जेमा शुरू गरिएको यो रिसोर्ट परियोजना रिडी ग्रुपको सुनौलो परियोजना हो । रिडी नाम्जे ईको रिसोर्टको नाममा खरीद गरिएको कूल ८ रोपनी ९ आना क्षेत्रफलको जग्गामा बन्ने सो इको रिसोर्टमा सुविधासम्पन्न रूम, सेमिनार हल, रेष्टुरेण्ट, फनपार्क, स्वीमिङ पुल लगाएतका सेवा हुनेछन् । निर्माण योजना अनुसार सन् २०२२ को अन्त्यदेखि रिसोर्ट संचालनमा आउनेछ ।



रिडी नाम्जे इको रिसोर्टको प्रस्तावित डिजाइन

## रिडी सप एण्ड केमिकल इन्डस्ट्रिज

रिडी ग्रुप लिमिटेडको तेश्रो महत्वपुर्ण परियोजनाको रूपमा रिडी सप एण्ड केमिकल इन्डस्ट्रिज प्रा. लि. को स्थापना रहेको छ । यो उद्योगको कारखाना तथा कार्यलय चितवन जिल्लाको भरतपुर महानगरपालिका १५, फुलबारीमा अवस्थित छ । रिडी ब्राण्डमा विभिन्न किसिमका साबुनहरूको उत्पादन र विक्री वितरण गर्ने उद्देश्यले खोलिएको यस उद्योगमा रिडी ग्रुपको ५१ प्रतिशत तथा स्थानीय लगानीकर्ताहरूको ४९ प्रतिशत लगानी रहको छ ।

## रिडी लुम्बिनी परियोजना

रिडी ग्रुप लिमिटेडको दोस्रो व्यवसायिक परियोजना गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा शुरू गरिएको छ । हामी सवैलाई थाहा छ,



मायादेवी मन्दिर लुम्बिनी


लुम्बिनी हाम्रो देशको गौरव, विश्व शान्तिको प्रतिक र सदावहार पर्यटकीय स्थल हो । अझ लुम्बिनी अन्तराष्ट्रिय विमानस्थल सुचारू भएपछि लुम्बिनी सिधा अन्तराष्ट्रिय पर्यटन गन्तब्य बन्ने निश्चित छ । यही सम्भावनालाई मध्येनजर गरेर गोरखा डेभेलपर्स प्रा. लि. ले लुम्बिनी विकास कोषको ८ सय मीटर उत्तर पश्चिममा २० विघा जग्गा खरीद गरेर बृहद लुम्विनी परियोजना गर्दैछ । त्यसैले रिडी ग्रुपले पनि गोरखा डेभेलपर्सको बृहद लुम्बिनी परियोजना अन्तर्गत २ विघा जग्गा खरिद गर्ने निर्णय गरेको छ । कम्पनीको तर्फवाट सो जग्गामा एग्रो रिसोर्ट र बहुप्राविधिक कलेज स्थापना गर्ने योजना रहेको छ ।

## तपाईंको सहभागिता

रिडी ग्रुप लिमिटेडमा धेरै भन्दा धेरै साधारण शेयरधनीहरू आवद्ध बनाएर आर्थिक अभियानमार्फत समृद्ध समाजको परिकल्पनासहित व्यवसायिक यात्रा शुरू गरिएको छ । त्यसैले यो आर्थिक अभियानमा तपाईं दुई प्रकारले सहभागिता जनाउन सक्नु हुनेछ । पहिलो, कम्पनीको शेयरधनी लगानीकर्ताको रूपमा आफुले सकेको लगानी गरेर । दोस्रो, प्रभावकारी व्यावसायिक परियोजनासहितको उद्योगी व्यवसायीको रूपमा । यदि तपाईले पेश गरेको व्यवसायिक प्रस्ताव आकर्षक छ र सो प्रस्ताव कम्पनीको संचालक समितिवाट स्वीकृत भयो भने कम्पनीले आवश्यकता र संभावना हेरेर लगानी गर्नेछ ।

## रिडीको अपील

अव, हाम्रो समाजको उन्नति, प्रगति र समृद्धिको लागि आर्थिक अभियानमा हातेमालो गर्नुको विकल्प छैन । अहिलेसम्म हामीबीच जे जस्तो बिगत इतिहास छ, त्यसबाट पाठ सिक्दै सुन्दर र समुन्नत समाजको निर्माणका लागि 'हाम्रै पहल, हाम्रै लगानी, हाम्रै स्वामित्व'मा सामुदायमा आधारित सामूहिक आर्थिक अभियानमा हातेमालो गर्न कम्पनी हार्दिक अपील गर्दछ ।



पर्यटकीय नाम्जे गाउँ


**रिडी ग्रुप लिमिटेड**

काठमाडौं महानगरपालिका-१४, त्रिपुरेश्वर
युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, दोस्रो तल्ला
फोन नं : ०१ ४११७२०७
इमेल: ridigroups@gmail.com
ridigroup


"समृद्धिका लागि सामूहिक उद्यमशीलता"
(A Collective Entrepreneurship for the Prosperity)

# रिडी ग्रुप लिमिटेड
# RIDI Group Limited




www.ridigroup.com.np




रिडी ग्रुप लिमिटेडको समुद्घाटन गर्नुहुँदै उपराष्ट्रपति श्री नन्दबहादुर पुन

## रिडीको पहिचान

रिडी ग्रुप लिमिटेड कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित एक पब्लिक कम्पनी हो । यो कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा २०७५ साल वैशाख ७ गते तदनुसार सन् २०१८ अप्रिल २० तारिखमा दर्ता भई विभिन्न व्यवसायिक परियोजनाहरू संचालनमा गर्दै आएको छ । 'समृद्धिका लागि सामूहिक उद्यमशीलता' भन्ने मूल उद्घोषसहित स्थापना भएको यस कम्पनीको मुख्य उद्देश्य समाजमा छरिएर रहेको पुँजीलाई एकिकृत गरी विभिन्न उत्पादन तथा सेवामूलक व्यापार व्यवसाय गर्नु हो । कम्पनीको समुद्घाटन नेपाल सरकारका सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनले मिति २०७५ जेठ २३ गते गर्नुभएको हो । समुदायमा आधारित सामूहिक उद्यमशीलता, आधुनिक प्रविधि, व्यवसायिक दक्षता र दक्ष जनशक्तिको सदुपयोग गरी एउटा 'कर्पोरेट ग्रुप'को रूपमा स्थापित हुने लक्ष्य कम्पनीले लिएको छ ।

कम्पनीले समुदायको पहल, समुदायकै लगानी र समुदायकै स्वामित्वमा संस्थागत आर्थिक अभियान संचालनबाट समृद्ध नेपाल निर्माणको 'मिशन'लाई पुरा गर्न सकिन्छ भन्ने मूल मान्यतालाई आत्मसाथ गरेको छ । यही मान्यताअनुरूप ठूलो संख्यामा रहेका वेरोजगार युवापुस्तालाई सामुहिक उद्यमशीलतामा लगाउन र रोजगारी सृजना गर्न सके कुनै व्यक्ति वा समूह मात्र नभई सिंगो समुदायसँगै देशले आर्थिक प्रगति गर्नेछ । अनि मात्र हामी सबैको समुन्नत र समृद्ध नेपाल निर्माणको चाहना पुरा हुनेछ । यही दायित्वबोधका साथ उत्पादनमुखी व्यवसायमा केन्द्रित आर्थिक-सामाजिक रूपान्तरणमा टेवा पुऱ्याउनकोलागि रिडी ग्रुप लिमिटेडको स्थापना गरिएको हो ।

## रिडीको मान्यता

गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको संगमस्थल तथा ऐतिहासिक-साँस्कृतिक पर्यटकीय स्थल 'रिडी' को नामवाट कम्पनीको नाम राखिएको छ । यही ऐतिहासिक पक्षलाई उजागर गर्दै 'रिडी'को रोमन अक्षर **RIDI** लाई कम्पनीको मूल्य र मान्यताबमोजिम निम्न अनुसार बमोजिम अर्थ्याइएको छ ।

| | | |
|---|---|---|
| R | Resources | (स्रोत साधन/पुँजी) |
| I | Investment | (लगानी) |
| D | Development | (विकास) |
| I | Integrity | (एकता र पारदर्शिता) |

## रिडीको भिजन र मिशन

नेपालको एक प्रतिष्ठित व्यवसायिक कम्पनि बनेर समुदायमा आधारित सामूहिक उद्यमशीलतामार्फत समुन्नत र समृद्ध समाज निर्माणमा टेवा पुऱ्याउने रिडी ग्रुपको भिजन रहेको छ । त्यसैगरी उत्पादन र सेवामूलक व्यवसायमार्फत सामुहिक उद्यमशीलताको प्रवर्द्धन गर्ने र रोजगारी सृजना गर्ने कम्पनीको मिशन हो ।



## रिडीको लक्ष्य

रिडी ग्रुपको लक्ष्य समुदायमा आधारित सामूहिक उद्यमशीलतामार्फत एक कर्पोरेट व्यवसायिक समूहको रूपमा स्थापित भई देशको आर्थिक-सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने रहेको छ ।

## रिडीको उद्देश्य

- समाजमा छरिएर रहेका पुँजीलाई एकिकृत गरी विभिन्न क्षेत्रमा लगानी गर्ने ।
- उत्पादन तथा सेवामूलक व्यापार व्यवसाय गर्ने ।
- समुदायमा आधारित सामूहिक उद्यमशीलताको प्रबर्द्धन र रोजगारी सृजना गर्ने ।
- देशको आर्थिक रूपान्तरणमा टेवा पुऱ्याउने ।

## संस्थापक शेयरधनी र पूँजीको संरचना

रिडी ग्रुप लिमिटेड स्थापना गर्दा कुल ६०७ जना प्रस्ताविक शेयरधनीहरूले कबुल गरेको भएपनि पहिलो २० प्रतिशत शेयर दाखिला गर्न तोकिएको समयावधिभित्र ३६१ जना शेयरधनीले मात्र शेयर रकम दाखिला गरेकाले हाल कम्पनीको संस्थापक शेयरधनी संख्या ३६१ रहेको छ ।

कम्पनीको अधिकृत पुँजी १ अर्ब रहेको छ भने कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी ३१ करोड ३० लाख र कम्पनीका संस्थापकहरूले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी पनि ३१ करोड ३० लाख रुपैयाँ नै कायम गरिएको छ ।

## रिडीको लगानी क्षेत्र

- पर्यटन व्यवसाय, ट्रेकिङ तथा ट्राभल्स, यातायात, हवाई सेवा, होटल, मोटल, रेष्टुरेण्ट, रिसोर्ट, केवलकार र साँस्कृतिक पर्यटकीय गाउँ
- व्यावसायिक कृषि, पशुपालन, बीउविजन उत्पादन, भण्डारण र विक्री बितरण
- विद्यालय, कलेज, विश्वविद्यालय, प्राविधिक शिक्षालय र तालिम केन्द्र
- जलविद्युत तथा वैकल्पिक उर्जा
- फार्मेसी, अस्पताल, मेडिकल कलेज, औषधी उत्पादन
- बैंकिङ, रेमिट्यान्स, इन्सुरेन्स, सपिङ्गमल तथा डिपार्टमेण्टल स्टोर
- सूचनार संचार प्रविधि, इन्टरनेट, टेलिफोन, मोबाइल, पेमेन्ट गेटवे, स्याटेलाइट, केबल र इकमर्स ।
- टेलिभिजन, पत्रपत्रिका, म्यागेजिन, दैनिक, साप्ताहिक, मल्टिमिडिया र प्रकाशन गृह
- रियल स्टेट, हाउजिङ्, अपार्टमेन्ट, कन्सट्रक्सन
- उद्योग, कलकारखाना : मिनरल वाटर, ग्यास

## रिडीका हालका परियोजनाहरू



रिडी नाम्जे इको रिसोर्टको प्रस्तावित डिजाइन (मुख्य भवन)